बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- ०४

आज मिति २०८२ साल असोज २४ गते शुक्रबारका दिन बिहान ९:०० बजे बान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष श्री टेक बहादुर साउँद ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेक बहादुर साउँद | अध्यक्ष | |
| २ | श्री बिन्दु रावल | उपाध्यक्ष | |
| ३ | श्री गजेन्द्र बहादुर खड्का | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ४ | श्री नेत्र बहादुर साउद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ५ | श्री नवराज साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ६ | श्री किरन बहादुर खत्री | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ७ | श्री टंक बहादुर साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ८ | श्री जगत बहादुर थापा | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ९ | श्री तुलसी थापा | कार्यपालिका सदस्य | तुलसी |
| १० | श्री ललिता देवी स्वार | कार्यपालिका सदस्य | ललिता |
| ११ | श्री पदमा साउद | कार्यपालिका सदस्य | पदमा |
| १२ | श्री पशुपति कुमारी लुहार सुनार | कार्यपालिका सदस्य | पशुपति |
| १३ | श्री तर्क टमट्टा | कार्यपालिका सदस्य | |
| १४ | श्री मोहनलाल ताम्राकार टमट्टा | कार्यपालिका सदस्य | |
| १५ | श्री बसन्त बहादुर रावल | नि.प्र.प्र.अ./ सचिव | |

**आमन्त्रित:-**

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- ०४

**प्रस्तावहरु:-**

१. तेस्रो अध्यक्ष कप पालिका स्तरीय खुला पुरुष भलिबल प्रतियोगिताको प्रस्ताव छनौट सम्बन्धमा।

२. अध्यक्ष युवा स्वरोजगार कार्यक्रमका सहजकर्ता झपट साउदको पारिश्रमिक वृद्धि गर्ने सम्बन्धमा।

३. प्रहरी चौकीहरुलाई ईन्धनको सिमा तोक्ने सम्बन्धमा।

**निर्णयहरु:-**

**निर्णय नं. १:-** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस बान्नीगढी जयगढ गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अध्येक्ष कप अन्तरपालिका स्तरीय भलिबल प्रतियोगिता कार्यान्वयनका लागि शिर्षकमा रु. ७ लाख विनियोजन गरिएको र गाउँकार्यपालिकाको मिति २०८२/०६/१० गतेको बैठकबाट तेस्रो अध्यक्ष कप पालिका स्तरीय खुला पुरुष भलिबल प्रतियोगिता सञ्चालनका लागि यस गाउँपालिकाको कार्यालयबाट मिति २०८२/०६/१२ गते प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना प्रकाशित भए अनुसार तोकिएको समयसिमा भित्र पेश हुन आएका बरदादेवी जयगढ युवा क्लव बा.ज.गा.पा. वडा नं. ३ बरदादेवी र रोहित स्मृति युवा क्लब बा.ज.गा.पा. अछामको प्रस्तावहरु मूल्याङ्कन गर्दा बरदादेवी जयगढ युवा क्लब, बा.ज.गा.पा. वडा नं. ३ बरदादेवी अछामले रु. ६,९८,५००।– (१५००।– कम) घटीमा खेलकुद सञ्चालन गर्न इच्छुक र विगत लामो समयदेखि सक्रिया रुपमा खेलकुद सञ्चालन गर्दै आएको हुँदा उक्त बरदादेवी जयगढ युवा क्लबको प्रस्तावलाई छनौट गरी भलिबल खेलकुद सञ्चालनको जिम्मेवारी दिने निर्णय पारित गरियो

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या-०४

**<u>निर्णय नं. २ -</u>** प्रस्ताव नं. २ माथी छलफल गर्दा यस बान्नीगढी जयगढ गाउँपालिका कार्यालय अन्तर्गतको अध्यक्ष युवा स्वरोजगार कार्यक्रम अन्तर्गत कार्यरत रहेका कार्यक्रम परिचालक श्री झपट बहादुर साउदको आ.व. २०८२/०८३ को साउन १ गतेदेखि लागु हुने गरी तपसिल बमोजिमको पारिश्रमिक वृद्धि गर्ने निर्णय पारित गरियो ।

तपसिलः-

| क्र.स. | कर्मचारीको नाम | खाइपाइ आएको पारिश्रमिक | वृद्धि रकम | १ महिनाको पाउने जम्मा रकम |
|---|---|---|---|---|
| ०१. | झपट बहादुर साउद | २७,०००।- | ४,०००।- | ३१,०००।- |

**<u>निर्णय नं. ३ :-</u>** प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस बान्नीगढी जयगढ गाउँपालिकाको शान्ति सुरक्षामा खटिन तथा सुरक्षात्मक गतिविधि सञ्चालन गर्नका लागि तपसिलका प्रहरी संगठनहरुलाई आ.व.२०८२/०८३ को साउन १ गतेदेखि लागुहुने गरी तपसिल बमोजिमको मासिक रुपमा इन्धन उपलब्ध गराउने निर्णय पारित गरियो ।

**<u>तपसिलः-</u>**

१. इलाका प्रहरी कार्यालय, बयालपाटा अछाम – १५ लि. पेट्रोल ।

२. प्रहरी चौकी , जयगढ अछाम – २५ लि. पेट्रोल ।